COMMUNITY LEGAL SERVICES OF PHILADELPHIA

# तपाईका रोजगार सम्बन्धि अधिकारहरु  जन्नुहोस

## ज्याला – तपाईका सबै कामको ज्याला पाउने अधिकार छ !

तपाईको अधिकार छ :

- काम गरेका सम्पूर्ण समयको अथवा काममा हुनु पर्ने समयको ज्याला पाउने ।
- कम्तिमा $७.२५ प्रति घण्टा ज्याला पाउने ।
- हप्तामा ४० घण्ट भन्दा बेसी काम गरे "अतिरिक्त समय " ज्याला पाउने । अतिरिक्त समय  ज्याला साधारण ज्यालाको डेड गुना हुन्छ ।
- तपाईको चेकबाट  स्वास्थ बिमा , कर  तथा  युनिओन् बक्यौता जस्ता  कानुन संगत कटौती मात्र गर्न ।

> ज्याला उदाहरण
>
> यदि तपाईलाई  साधारणतय $१० प्रति घण्ट दिहिन्छ र ४५ घण्ट काम गर्नु हुन्छ भने तपाईले
>
> - पहिलो ४० घन्टाको $१० प्रति घण्ट पाउनु पर्छ
> - पछिल्लो ५ घण्टको $ १५ प्रति घण्ट पाउनु पर्छ  $ १५ प्रति घण्ट तपाईको अतिरिक्त समय दर हो ।
>
> **तपाईको कामबाट भुक्तानी पुर्जी पाउनु हुन्न भने आफुले काम गरेको सम्पूर्ण समयको रेकोर्ड राख्नु होला !**

- उपकरण वा सामग्री टुटे फुटेमा रोजगारदाताले तपाईको चेकबाट मुद्र कटौती गर्न सक्दैन ।
- कामबाट निकालिए पनि अन्तिम हप्ताको चेक पाउने ।
- प्रत्येक हप्ता तपाईले काम गरेको समय, आर्जित रकम तथा कटौती विवरण अंकित भुक्तानी पुर्जी (पे स्टब) पाउने ।
- कम्पनिका लागि काम गर्ने धेरै मानिसहरु कर्मचारी हुन्छन  न्युनतम ज्याला तथा अतिरिक्त समय ज्याला दिनबाट बच्न तपाईका हाकिमले तपाईलाई स्वतन्त्र ठेकादार हुन् भन्न नदिने ।

**यदि तपाई अनागरिक/कागजात बिहिन हुनुहुन्छ भने पनि यी अधिकारहरु तपाईमा रहनछन् !**

## बेरोजगारी क्ष्यतिपुर्ति

- बेरोजगारी क्ष्यतिपुर्ति धैरै काम गुमाउनु हुने कामदारहरुका लागि सरकारी रकम हो ।
- बेरोजगारी क्ष्यतिपुर्तिका लागि योग्य हुन तपाईले पछिल्लो १५ महिनामा कति काम गर्नु भयो र कति कमाउनु भयो भन्ने कुरामा निर्भर हुन्छ. ।
- साधारणतय तपाईलाई कामबाट निकालियो भने मात्र बेरोजगारी क्ष्यतिपुर्तिका लागि योग्य हुनुहुनेछ , जानाजानी खराब आचरण गरियो  अथवा काम छोड्न बाध्य बनाईएमा  हुनुहुने छैन ।
- बेरोजगारी क्षतिपुर्ति पाउनका लागि तपाई काम गर्न सक्षम र उपलब्ध हुनुपर्नेछ I  तपाईको बैद्य अवस्था हुन् आवस्वक छ ।
- http://www.uc.pa.gov. मा गएर अथवा २१५-८५६-६९९० मा फोन गरेर दाबी पेस गर्नुहोस ।

## पारिवारिक तथा चिकित्सा बिदा

- पत्नी/पति तथा आमा बुवाको गम्भीर स्वास्थ अवस्थामा, नवजात शिशुको हेरचाहका लागि , बच्चाको हेरचाहका लागि अथवा आफ्नै गम्भीर स्वास्थ अवस्थामा १२ हप्ताको अबैतनिक बिदा लिने अधिकार छ ।
- यस कानुनका लागि योग्य हुन् तपाईले पछिल्लो साल कम्तिमा ५० जना कामदार काम गर्दै गरेको व्यवसायमा कम्तिमा १२ महिना र कम्तिमा १२५० घण्ट काम गरेको हुनुपर्ने छ ।
- सम्भव भए तपाईले बिदाका लागि कम्तिमा ३० दिनको सूचना दिनुपर्ने छ I यदि अचानक बिराम भए सम्भब भए सम्म सिग्र सूचना दिनुपर्ने छ ।

## भेदभाव – तपाईको भेदभाव रहित काम गर्ने अधिकार

- तपाईको निम्न कुराका लागि तपाईको रोजगारदाताले तपाईलाई व्यवहार गर्नु अबैध हो -
- जाति, रंग , उमेर(यदि तपाई ४० माथिको हुनुहुन्छ भने), राष्ट्रिय मूल , धर्म , लिङ्ग , अपांगता , गर्भावस्था , र ल्यांगिक अभिमुखीकरण(फिलाडेलफियामा मात्र )
- यसको मतलव यी कुनै गुणहरुका कारण तपाईलाई कामबाट निकाल्न , कम बेतन दिन, भिन्न काम लगाउन मिल्दैन ।
- कार्यक्षेत्रमा रोजगारदाताले यौन उत्पीडन गर्न दिनु अबैध हो ! यदि तपाईलाई काममा उत्पीडित गरियो भने उत्पीडकलाई यसो नगर्न भन्नुहोस र पर्यवेक्ष्कलाई बताउनुहोस् ।

यदि काममा तपाईलाई भेदभाव गरिएको छ भने सिग्र दाबी दर्ता गर्नु पर्नेछ फोन गर्नुस :

- Equal Opportunity Employment Commission (must file within 300 days) – 800.669.4000
  इक्वल अप्परचुनिटि एम्प्लोयमेन्ट कमिसन (३०० दिन भित्रमा दर्ता गर्नु पर्ने )-८००.६६९.४०००
- Pennsylvania Human Relations Commission (must file within 180 days) – 215.560.2496
  पेनसलवेनिया ह्युमन रिलेसनस कमिसन (१८० दिन भित्रमा दर्ता गर्नु पर्ने)-२१५.५६०.२४९६
- Philadelphia Commission on Human Relations (must file within 240 days) – 215.686.4670
  फिलाडेलफिया कमिसन अन ह्युमन रिलेसनस (२४० दिन भित्रमा दर्ता गर्नु पर्ने)- २१५.६८६.४६७०

## कार्यस्थल चोटपटक

- यदि तपाईलाई कार्यस्थलमा चोटपटक लागे , कानुन मुताबिक तपाईको उपचारको खर्चको जिम्मेवारी रोजगारदाताको हो यो कागजात बिहिन आप्रबासीमा पनि लागु हुन्छ ।
- यदि कार्यस्थल चोटपटकका कारण एक हप्ता भन्दा बेसी काम बिहिन हुनुहुन्छ भने तपाईको रोजगारदाताले केहि मात्रामा तपाईको तलब दिनुपर्ने हुन्छ । यदि तपाईलाई यस्तो भएको छ भने कामदार क्षतिपूर्ति वकिलसंग परामर्स गर्नुहोस ।
- यदि तपाईलाई काममा चोटपटक लागेको छ भने रोजगारदातालाई जनाउनुहोस् ।
- स्वास्थकर कार्यस्थलको अधिकार तपाईमा छ । यदि खतरनाक अवास्थ छ भने, सुरक्षा उपकरणको या तालिमको अभाव छ भने OSHA लाई फोन गर्नुस , उनिहरुले अनुसन्धान गर्नेछन् । OSHA मा गुमनाम उजुरी दर्ता गर्न सक्नु हुन्छ ।

- तपाईले OSHA लाई  यहा (२१५) ८६१-४९०० फोन गर्न सक्नु हुन्छ ।

## Organize संगठन !

- तपाईलाई  कामबाट निस्कासित नभई युनियनमा प्रवेस गर्ने अधिकार छ ।  तपाईलाई राम्रो काम गर्ने स्थितिको माग गर्न सहकर्मीसंग एकत्रित हुने अधिकार छ !
- यदि काममा समस्या भए सहकर्मीसंग गए उजुरी गर्नोस । समूहमा उजुरी गरे कानुनले ज्यादा सुरक्षा दिन्छ ।

## Anti-Retaliation! बदला बिरोधी

यस दस्तावेजमा चर्चित कुनै पनि कानुन मुताविक दाबी दर्ता गरे वापत तपाईका रोजगारदाताले तपाईलाई कामबाट निकाल्ने  अथवा कुनै प्रतिकुल असर  गरे अबैध हुनेछ !

## सहयोग चाहिए वकिल सम्पर्क गर्नु होला

Community Legal Services – 215.981.3700
कम्युनिटी लिगल सरभीसेस - २१५.९८१.३७००
Philadelphia Legal Assistance – 215.981.3800
फिलाडेलफिया लिगल एसीसटेन्स - २१५.९८१.३८००
Friends of Farmworkers – 800.729.1607
फ्रेन्ड्स अफ फर्मवरर्कस  - ८००.७२९.१६०७